नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ३२८

२०७५/१२/०७

विषयः आवश्यक शतर्कता अपनाउने सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(सबै)

उपरोक्त सम्बन्धमा यस वर्षको हावाहुरीको मौसम शुरु भईसकेको छ । हावाहुरीको कारणले आगलागीको सम्भावना बढी हुने र त्यसबाट जनधनको क्षति, लगायत विपद्का अन्य घटनाहरु घट्न सक्ने तर्फ पूर्ण सजकता अपनाई पूर्व तयारी स्वरुप देहायका बुँदाहरुलाई उच्च प्राथमिकता दिई कार्य गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

- हावाहुरीको कारणले आगलागी तथा डडेलोको प्रकोप हुन सक्नेबारे स्थानीयवासीहरुलाई जनचेतना जगाउने तथा सजग गराउने ।
- दमकल (बारुणयन्त्र) मर्मत सम्भार गर्नु पर्ने अवस्थाको भए तत्काल मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने ।
- बारुणयन्त्र सञ्चालनको लागि चौबिसै घण्टा जनशक्तिको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राख्ने ।
- आगलागी तथा डडेलोका घटना घटेको सूचना पाउनासाथ बारुणयन्त्र र जनशक्ति परिचालन गरी क्षति हुन नदिन सजगता अपनाउने ।
- स्थानीय विपद् व्यवस्थापन समिति, वडा विपद् व्यवस्थापन समिति, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र र नागरिकहरुलाई विपद् व्यवस्थापन सम्बन्धमा तयारी अवस्थामा राख्ने ।
- आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समिति तथा सरोकारवाला निकायहरुसँग अग्नी नियन्त्रण सम्बन्धमा समन्वय र सहकार्य गर्ने ।

२०७५/१२/०७

(रीनु थपलिया)
शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री गृह मन्त्रालय (आपतकालीन कार्यसञ्चालन केन्द्र), सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः यसै बमोजिमको पत्र वेभ साईटमा राखिदिन हुन ।